सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २६६ ♦ २०८३ साल जेठ २७ बुधवार ♦ 10 Jun 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## भारतको हरियाणामा बन्धक बनाइएका १६ नेपालीको उद्धार



**खबर दर्पण समाचारदाता**

**जेठ २६ गते , बर्दिवास**

रोजगारीका लागि भारत पुगेका महोत्तरीको बर्दिबास नगर पालिका-१४ स्थित मुसहर बस्तीका बालबालिकासहित १६ जना नेपालीलाई भारतमा बन्धक बनाएर राखिएको अवस्थामा उद्धार गरिएको छ । उनीहरूलाई नेपाल ल्याउने प्रक्रिया अघि बढाइएको छ ।

आफन्त इण्डियाको सहकार्य, नयाँ दिल्लीस्थित नेपाली दूतावासको समन्वय र इलाका प्रहरी कार्यालय बर्दिबासको पहलमा उनीहरूको उद्धार सम्भव भएको हो । इलाका प्रहरी कार्यालय बर्दिबासका डीएसपी गुरु प्रसाद तिमिल्सिनाका अनुसार श्रम शोषणमा परेका स्थानीयलाई उद्धार गरी नेपाल फर्काउने तयारी भइरहेको छ ।

उद्धार टोलीका सदस्य अशोक सदाका अनुसार भारतीय प्रहरीको सहयोगमा बन्धक बनाइएकाहरूलाई मुक्त गरिएको हो । काम गरेबापतको पारिश्रमिकसमेत प्रहरीको पहलमा हिसाब गरी उपलब्ध गराइएको उहाँले बताउनुभयो ।

पीडितहरूलाई डर, धम्की र यातना दिएर बन्धक बनाइएको बताइएको छ । उनीहरूले आफूमाथि भएको कुटपिट र यातनाका तस्बिर तथा भिडियो परिवारलाई पठाएपछि घटना बारे जानकारी बाहिर आएको थियो ।

पीडितका आफन्तले दोषीमाथि कानुनी कारबाही र उद्धारका लागि इलाका प्रहरी कार्यालय बर्दिबासमार्फत नेपाली दूतावासमा निवेदन दिएका थिए । वीरेन्द्र सदा, कारिचरण सदा, अशोक सदा, अमरलाल सदा र मनोहर सदाले आफ्ना छोराछोरी तथा श्रीमती बन्धक बनेको भन्दै उद्धारका लागि पहल गर्नुभएको थियो ।

उनीहरूलाई २७ मार्च २०२६ मा भारतको हरियाणा राज्यको झज्जर जिल्ला, हेलन गाउँस्थित कुखुरा फार्ममा अन्डा टिप्ने काममा राम्रो आम्दानी हुने आश्वासन दिएर लगिएको प्रारम्भिक विवरणमा उल्लेख छ । तर त्यहाँ पुगेपछि उनीहरूलाई श्रम शोषण गर्दै बन्धक बनाइएको आरोप छ ।

## मधेस प्रदेश : दुई सातादेखि ठप्प, बजेट प्रभावित हुँदै

**खबर दर्पण समाचारदाता**

**जेठ २६ गते , बर्दिवास**



प्रतिपक्षी दलहरूको निरन्तर अवरोधका कारण आगामी आर्थिक वर्षका लागि प्रस्तुत गरिएको मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रममाथिको छलफल दुई सातादेखि ठप्प भएको छ। प्रदेशसभा बैठक नियमित रूपमा सञ्चालन हुन नसक्दा नीति तथा कार्यक्रममाथिको संसदीय बहस अनिश्चित बनेको छ।

गत जेठ १५ गते प्रदेश प्रमुख डा. सुरेन्द्रलाभ कर्णले प्रदेशसभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो। त्यसपछि जेठ १८ गतेदेखि छलफल प्रारम्भ भए पनि प्रारम्भिक दिनमै संशोधनकर्ता सांसदहरूले आ-आफ्ना धारणा राखेपछि प्रक्रिया अघि बढ्न सकेको थिएन।

तर जेठ १९ गतेको दोस्रो दिनको बैठकमा विपक्षी दलहरू जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले संयुक्त रूपमा बैठक अवरुद्ध गरेपछि छलफल स्थगित भएको हो। त्यसयता प्रदेशसभाको कार्यसूची नियमित रूपमा अघि बढ्न सकेको छैन।

प्रतिपक्षी दलहरूले प्रदेशसभालाई जानकारी नदिई दुई वटा आयोगमा सदस्य नियुक्त गरिएको आरोप सरकार माथि लगाउँदै आएका छन्। उहाँहरूका अनुसार जनलोकपाल आयोग र प्रदेश लोकसेवा आयोगमा गरिएको नियुक्ति संवैधानिक तथा संसदीय प्रक्रिया विपरीत भएको हो।

प्रदेश सरकारले जेठ १२ गते महोत्तरीको औरही नगर पालिका-७ निवासी सञ्जीवकुमार झा र सोही नगर पालिकाकी सुजाता विमललाई जनलोकपाल आयोगको सदस्यमा नियुक्त गरेको थियो। त्यसैगरी धनुषाको सबैला नगर पालिका-३ निवासी विमला यादवलाई प्रदेश लोकसेवा आयोगको सदस्यमा नियुक्त गरिएको हो।

प्रतिपक्षी दलहरूको भनाइअनुसार आयोगका सदस्य नियुक्तिका लागि मुख्यमन्त्री, प्रदेशसभा सभामुख र प्रतिपक्षी दलका नेता सम्मिलित तीन सदस्यीय समिति रहने कानुनी व्यवस्था छ। तर सभामुखलाई जानकारी नै नदिई नियुक्ति प्रक्रिया अघि बढाइएको भन्दै उनीहरूले उक्त नियुक्ति तत्काल खारेज गर्न माग गर्दै आएका छन्।

नीति तथा कार्यक्रम पारित हुन नसक्दा आगामी असार १ गते प्रस्तुत गरिने बजेटसमेत प्रभावित हुने सम्भावना बढेको छ। प्रतिपक्षी दलका मागप्रति सरकार र सत्तारूढ पक्षले अपेक्षित चासो नदेखाएको आरोप लागिरहेका बेला नीति तथा कार्यक्रममाथिको छलफल लम्बिँदै गएको छ।

विवादको अर्को महत्त्वपूर्ण विषय प्रदेशसभा सदस्यका स्वकीय सचिवहरूको तलब भुक्तानी रोकिएको विषय पनि बनेको छ। करिब १० महिनादेखि तलब नपाएको भन्दै प्रदेशसभा सदस्यहरूले असन्तुष्टि जनाउँदै आएका छन्।

तत्कालीन संघीय सरकारको नीतिगत निर्णयअनुसार स्वकीय सचिवको व्यवस्था हटाइएपछि तलब भुक्तानी रोकिएको जनाइएको छ। यद्यपि अधिकांश पक्षबीच सहमति जुटिसकेको अवस्थामा पनि प्रदेशसभा सचिवालयले भुक्तानी प्रक्रिया अघि नबढाएको बताइएको छ।

गत वैशाख १२ गते प्रदेश सरकार र सत्तारूढ दलहरूबिच भएको १५ बुँदे सहमतिअनुसार आगामी बजेटमा एक करोड रुपैयाँभन्दा कमका योजना नराख्ने सहमति गरिएको थियो। तर विपक्षी दलहरूले उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्न सकिने 'टुक्रे योजना' पुनः समावेश गर्नुपर्ने माग गर्दै आएका छन्।

सरकार र विपक्षीबिच यस विषयमा दुई पटक छलफल भए पनि कुनै सहमति जुट्न सकेको छैन। बजेट निर्माण प्रक्रिया नजिकिँदै जाँदा यस्तो विवादले प्रदेश सरकारलाई थप दबाबमा पारेको देखिन्छ।

राजनीतिक सहमति कायम नभएसम्म मधेश प्रदेशसभाको विधायिकी प्रक्रिया नियमित रूपमा अघि बढ्ने सम्भावना न्यून देखिएको छ।

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

पत्रिका
क्यालेण्डर
रजिष्टर, डाइरी
किताब
परीक्षा कपी
पर्चा पम्पलेट
बिल, भाउचर

स्क्रिन प्रिन्ट
विवाह कार्ड
प्रमाण पत्र
भिजिटिङ कार्ड
झोला प्रिन्ट
रबर स्टाम्प

फलेक्स प्रिन्ट
ब्यानर प्रिन्ट
होर्डिङ्ग बोर्ड
स्टिकर
फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# सुख्खा सहन सक्ने जातका धान लगाउन किसानलाई आग्रह

विजयकुमार साह

**जेठ २६ गते, ढल्केवर**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेशले सुख्खा सहन सक्ने जातका धान लगाउन किसानलाई आग्रह गरेको छ। यस वर्ष मनसुन ऋतुमा सरदर भन्दा कम वर्षा हुने सम्भावना देखिएकाले मन्त्रालयले यस्तो सुझाव दिएको हो।

मन्त्रालयले सार्वजनिक गरेको सूचनामा जलवायु परिवर्तनका कारण वर्षाको प्रकृतिमा आएको फेरबदल र सम्भावित खडेरीको जोखिमलाई ध्यानमा राख्दै सुख्खा-१, सुख्खा-२, सुख्खा-३, सुख्खा-४, सुख्खा-५ र सुख्खा-६ जस्ता जातका धान छनोट गर्न सिफारिस गरिएको छ। यी जातहरूले पानीको अभावमा पनि उत्पादन क्षमता कायम राख्ने भएकाले खडेरीको जोखिम न्यूनीकरण गर्न सहयोग पुग्ने मन्त्रालयको विश्वास छ।

मन्त्रालयका बाली विकास अधिकृत रविन बस्नेतले यस वर्ष अनियमित वर्षा र लामो खडेरी हुन सक्ने प्रक्षेपण गरि एकाले कम पानीमा पनि राम्रो उत्पादन दिन सक्ने धानका जात लगाउन जोड दिइएको बताउनुभयो। उहाँले किसानलाई परम्परागत विधिमा मात्र निर्भर नबसी आकाशे पानी सङ्कलन गर्ने तथा खेतबारी नजिक पोखरी निर्माण गरी वर्षाको पानी सङ्कलन गरेर प्रयोग गर्न पनि सुझाव दिनुभयो।

उहाँका अनुसार सुख्खा तथा हिले छरुवा धान खेती, पालैपालो भिजाउने र सुकाउने प्रविधि तथा सघन धान खेतीजस्ता विधि अपनाउँदा कम सिँचाइमा पनि उत्पादन वृद्धि गर्न सकिन्छ। यी प्रविधिले पानी मात्र होइन, लागत पनि घटाउने उहाँको भनाइ छ।

बस्नेतले मौसमको प्रतिकूलतालाई ध्यानमा राख्दै कृषि प्राविधिकसँगको समन्वयमा मात्र बिउबिजन र प्रविधि छनोट गर्न अनुरोध गर्नुभयो। जलवायु परिवर्तनको असर कृषि क्षेत्रमा प्रत्यक्ष देखिन थालेकाले समयमै सावधानी अपनाउनुपर्ने उहाँले बताउनुभयो।

राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रम, हर्दिनाथ (धनुषा) का वैज्ञानिक विश्वासराज बास्तोलाले प्रतिकूल मौसमका कारण हुने खडेरीलाई ध्यानमा राख्दै सुक्खा सहन सक्ने धानका जात विकास गरिएको बताउनुभयो। उहाँका अनुसार रोपाइँको समयमा पानी नपर्ने र रोपाइँ नभएको बेलामा पानी पर्ने जस्ता अनियमित मौसमका कारण कम सिँचाइ हुने क्षेत्रका लागि सुख्खा-१ देखि ६ सम्मका जात विकास गरिएको हो।



उहाँले भन्नुभयो, "वर्षा नभएको बेला परम्परागत धान सफल हुँदैन। अहिलेको बदलिँदो मौसम अनुसार अनुकूल प्रजाति रोज्नुपर्छ। सुख्खा धानका जात त्यही सन्दर्भमा तयार गरिएको हो। यसले कम पानीमै राम्रो उत्पादन दिन्छ।"

वैज्ञानिक बास्तोलाका अनुसार सुख्खा धानका जात नेपाल कृषि अनुसन्धान परिषद् र अन्तर्राष्ट्रिय धान अनुसन्धान संस्थाको सहकार्यमा विकास गरिएको प्रजाति हो। यी जातले प्रतिहेक्टर ३.५ देखि ४.५ टनसम्म उत्पादन दिन सक्ने क्षमता राख्छन्। सामान्य रूपमा एक किलो धान उत्पादन गर्न २ देखि ५ हजार लिटर पानी आवश्यक पर्ने भए पनि सुख्खा जातका धानले कम पानीमै उत्पादन दिने उहाँको भनाइ छ। उचित प्रचारप्रसार को कमीका कारण यो जातका बारेमा जानकारी किसानसम्म राम्रोसँग नपुगेको उहाँले बताउनुभयो।

गत वर्ष लामो खडेरीका कारण ३ लाख ७२ हजार ६४५ हेक्टर धान रोपाइँ हुने क्षेत्रमध्ये ३ लाख १९ हजार ६२६ हेक्टरमा मात्र रोपाइँ भएको थियो।

# रास्वपाका धनुषा जिल्ला सभापति लक्ष्मेश्वर यादव निलम्बित

खबर दर्पण समाचारदाता

**जेष्ठ २६ गते, बर्दिवास**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले धनुषा जिल्ला कार्यसमितिका सभापति लक्ष्मेश्वर यादवलाई पदबाट निलम्बन गरेको छ। पार्टीको केन्द्रीय अनुशासन आयोगले मंगलबार जारी गरेको पत्रमार्फत यादवलाई थप अनुसन्धान प्रक्रिया पूरा नहुँदासम्म जिल्ला सभापतिको जिम्मेवारीबाट मुक्त गरिएको जनाएको हो।

आयोगका कार्यवाहक प्रमुख रमाकान्त रिमालद्वारा हस्ताक्षरित पत्रमा यादवमाथि पार्टीको विधान, आचारसंहिता तथा मूल्यमान्यता विपरीत गतिविधि गरेको, पदीय जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्न नसकेको, क्षेत्राधिकार मिचेको, अनावश्यक हस्तक्षेप गरेको तथा समूहगत राजनीतिलाई प्रोत्साहन दिएको लगायतका आरोपबारे विभिन्न समयमा उजुरी प्राप्त भएको उल्लेख छ।

उजुरीका आधारमा आयोगले यसअघि यादवसँग स्पष्टीकरण मागेको थियो। प्राप्त स्पष्टीकरण अध्ययनपछि थप अनुसन्धान र प्रमाण संकलन आवश्यक देखिएकाले अन्तरकालीन आदेश जारी गर्दै उनलाई पदबाट निलम्बन गरिएको आयोगले जनाएको छ।



आयोगले अर्को निर्णय वा सूचना जारी नहुँदासम्म यादवलाई जिल्ला सभापतिको हैसियतमा कुनै पनि कामकाज गर्न, पार्टीका बैठक तथा गतिविधिमा सहभागी हुन तथा संगठनात्मक जिम्मेवारी निर्वाह गर्न रोक लगाएको छ।

उक्त निर्णयबारे पार्टीको केन्द्रीय कार्यसमिति, केन्द्रीय संगठन विभाग, मधेश प्रदेश कार्यसमिति, प्रदेश अनुशासन आयोग तथा जिल्ला अनुशासन आयोग धनुषालाई समेत जानकारी गराइएको छ।


नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी विशेष खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०६९/०५/०६ मा दर्ता भएको प्रा.लि.नं. ९६३४० को कल्याण सौर्य शक्ति प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०८३/०२/२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ -क) बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | -५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | -५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# विजय लघुवित्त वित्तीय संस्था लि.

**Vijaya Laghubitta Bittiya Sanstha Ltd.**

*Banking With Happiness*

केन्द्रीय कार्यालय : धुलिखेल ३, काभ्रेपलान्चोक
फोन नं : ०११-४९०६७१ / ०११-४९०६७२
E-mail: vlbs@vlbs.com.np
Website: https://vlbs.com.np

## कर्जा भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

सुचना प्रकाशित मिति : २०८३/०२/२७ गते, खबर दर्पण, राष्ट्रिय दैनिक, बर्दिबास

यस विजय लघुवित्त वित्तीय संस्था लि.को विभिन्न शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्र्तगत लिनु भएको कर्जाको साँवा र ब्याज रकम शर्त बमोजिम यस वित्तीय संस्थामा समयमै दाखिला गर्नुपर्नेमा हालसम्म नतिरी/नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकिता गर्दा समेत बक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले कर्जा भुक्तान गर्ने बारे यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस वित्तीय संस्थामा सम्पर्क राखी संस्थालाई तिर्न/बुझाउनु पर्ने बाँकी ऋणको साँवा र ब्याज भुक्तान गर्नुहुन सम्बन्धित ऋणीलाई यसै सूचना मार्फत सूचीत गरिन्छ। अन्यथा उपरोक्त तोकिएको म्याद भित्र वित्तीय संस्थालाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा यस वित्तीय संस्थाको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजाय ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८ र सो को नियमावली २०५९ एवं प्रचलित कानून बमोजिम र यस वित्तीय संस्था बीच भएका लिखतको शर्त अनुसार यस वित्तीय संस्थाको लिन बाँकी रकम असुल उपर गर्ने तर्फ आवश्यक कारबाही गर्न सकिने साथै ऋणीलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा सुचीकृत गरिने छ। धितो सुरक्षण मार्फत कर्जा लिएको भए धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असुल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम कानुनी कारबाहीको प्रक्रिया थालनी गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी महानुभावहरूलाई यसै सूचनाद्वारा जानकारी गराउंदछौं

| क.स | कर्जा रहेको शाखा | ऋणीहरुको नाम | ठेगाना | | नागरिकताको बिवरण | | | तिन पुस्ते विवण | | | जमानीकर्ताको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी | हालको | ना. प्र. नं | जारी मिति | जिल्ला | पति/पत्नीको नाम | बाबुको नाम | बाजेको नाम/ससुराको नाम | |
| १ | पिपरा | बबिता देवी | एकरहिया-३, महोत्तरी | पिपरा-१, महोत्तरी | १८३०१२/२४८ | २०६३/१०/१९ | महोत्तरी | राम दयाल महतो | धनेश्वर महतो | /राम अशिस महतो नुनिया | दौलतिया देवी |
| २ | पिपरा | मरनी देवी | एकरहिया-३, महोत्तरी | पिपरा-१, महोत्तरी | १८३०१२/२०६ | २०६३/१०/१९ | महोत्तरी | चौधरि महतो | फौदार महतो | /घुरन महतो | सविता देवी |
| ३ | पिपरा | मिथिलेश देवी | पिपरा-१, महोत्तरी | पिपरा-१, महोत्तरी | १८-०१-७५-११६०९ | २०७५/१२/२१ | महोत्तरी | जित महतो | रघुवीर महतो | /पुरन महतो नुनिया | जय कुमारी देवी नुनिया |
| ४ | पिपरा | रेखा कुमारी | माची झिटकैया-२, महोत्तरी | पिपरा-१, महोत्तरी | ६७३०१३/६८७ | २०६३/१२/०६ | धनुषा | शुशिल महतो | प्रभु महतो | /जीवछ महतो नुनिया | शुशिल महतो |
| ५ | पिपरा | प्रयासो देवी | एकरहिया-३, महोत्तरी | पिपरा-१, महोत्तरी | १८३०१२/६३९ | २०६३/१०/२२ | महोत्तरी | किशोरी महतो | जुगल महतो नुनिया | /झौली महतो | शान्ति देवी |
| ६ | पिपरा | गेना देवी | हलखोरी-८, महोत्तरी | एकडारा-४, महोत्तरी | ३५४३४४८७ | २०५९/०७/०५ | महोत्तरी | राम दरेश राय | जयनन्दन यादव | /राम वृक्ष | राम दरेश राय |
| ७ | पिपरा | नैन देवी | पिपरा-१, महोत्तरी | पिपरा-१, महोत्तरी | १८-०१-७४-०११७८ | २०७४/०२/०७ | महोत्तरी | विल्टु ठाकुर | सिताई ठाकुर | /ननु ठाकुर | विल्टु ठाकुर |
| ८ | पिपरा | मनटुटिया देवी | एकरहिया-२, महोत्तरी | पिपरा-१, महोत्तरी | १८३०१२/१४६ | २०६३/१०/१९ | महोत्तरी | ब्रहमदेव महतो | प्रदिप महतो | /महन्थ महतो | ब्रहमदेव महतो |
| ९ | पिपरा | आशो देवी | हलखोरी-८, महोत्तरी | एकडारा-४, महोत्तरी | ४६७१ | २०६२/०८/२१ | महोत्तरी | गोपाल राय | राम शरण राय | /श्री नारायण राय | गोपाल राय |
| १० | पिपरा | बबिता देवी दास | पिपरा-७, महोत्तरी | पिपरा-७, महोत्तरी | १८-०१-७५-०६४९५ | २०७५/०७/२९ | महोत्तरी | रंजित कुमार दास | राम असारे दास | /किशोरी दास | नवल दास |
| ११ | पिपरा | शिवसती देवी | पिपरा-१, महोत्तरी | पिपरा-१, महोत्तरी | १८-०१-७४-०४९४६ | २०७४/०६/३० | महोत्तरी | लखिन्दर महतो | झगरु महतो नोनिया | /पुरन महतो नुनिया | बबिता देवी |
| १२ | पिपरा | शेशिला देवी तत्मिनी | बनौली-९, महोत्तरी | पिपरा-१, महोत्तरी | ०७२३२१२५ | २०४६/१०/०३ | महोत्तरी | सुकन दास तत्मा | विपती दास | /लक्ष्मी दास तत्मा | सबिता देवी |
| १३ | पिपरा | मृत माला | बनौली दनौली-९, महोत्तरी | पिपरा-७, महोत्तरी | ०४३३३२५६ | २०६२/०५/०८ | महोत्तरी | घुरन दास | शिव शंकर दास | /लखन दास | घुरन दास |
| १४ | पिपरा | परमशीला देवी | बनौली दनौली-९, महोत्तरी | पिपरा-७, महोत्तरी | ०७५३२०७८/४९१ | २०४१/०१/२५ | महोत्तरी | राज कुमार दास तत्मा | ढेको दास तत्मा | /ललखन दास | राम पुकार दास |
| १५ | पिपरा | आशा देवी दास | बनौली -९, महोत्तरी | पिपरा-७, महोत्तरी | १८३०१४/२७१ | २०६३/१०/२९ | महोत्तरी | लक्ष्मेश्वर दास | गरिब दास | /रामअशिश दास | रामअशिश दास |
| १६ | पिपरा | सीता देवी साह | कुर्था-८, धनुषा | कुर्था-८, धनुषा | १७१०८३/१५ | २०६५/०२/०५ | धनुषा | राजेश्वर साह | जगदीश साह | /राजिन्द्र साह सोनार | राजेश्वर साह |
| १७ | पिपरा | बबिता देवी | सुगा भवानीपटी-२, महोत्तरी | सुगा भवानीपटी-२, महोत्तरी | १८१०८६/२६२ | २०६६/११/१० | महोत्तरी | मनोज कुमार झा | देव चन्द्र झा | /काशि नाथ झा | मनोज कुमार झा |
| १८ | पिपरा | सिता देवी | एकरहिया-३, महोत्तरी | पिपरा-१, महोत्तरी | १८-०१-७३-०१२०७ | २०७३/०२/०६ | महोत्तरी | सुरेश कुमार महतो नुनिया | लक्ष्मण महतो | /सोनफी महतो | मनतोरिया देवी |
| १९ | पिपरा | गम्भिरा देवी राउत | नैन्ही-६, महोत्तरी | जलेश्वर-१२, महोत्तरी | १८-१-००२-१५८० | २०६७/१०/११ | महोत्तरी | शिव कुमार राउत | रामे राउत | /गोविन्द राउत | शिव कुमार राउत |
| २० | पिपरा | फेकनी देवी | एकरहिया-३, महोत्तरी | पिपरा-१, महोत्तरी | १८३०१२/२१६ | २०६३/१०/१९ | महोत्तरी | लक्ष्मी महतो नुनिया | जागेश्वर नुनिया | /निरसु महतो | लक्ष्मी महतो नुनिया |
| २१ | पिपरा | रिंकु देवी | एकरहिया-२, महोत्तरी | पिपरा-१, महोत्तरी | १८-१-०१२-८३२ | २०६९/०५/१२ | महोत्तरी | हर्षित महतो नुनिया | रामलोचन महतो नुनिया | /कामेश्वर महतो नुनिया | हर्षित महतो नुनिया |
| २२ | पिपरा | जानकी देवी | पिपरा-१, महोत्तरी | पिपरा-१, महोत्तरी | १८-०१-७६-०१४३२ | २०७६/०२/०६ | महोत्तरी | राम नारायण महतो | जिवछ महतो | /विशेश्वर महतो नुनिया | राम नारायण महतो |
| २३ | पिपरा | रेणु कुमारी | पिपरा-१, महोत्तरी | पिपरा-१, महोत्तरी | १८३०२३/७१२ | २०६३/१०/२६ | महोत्तरी | देविन्द्र महतो | श्रीया महतो | /ब्रहमदेव महतो नुनिया | देविन्द्र महतो |
| २४ | पिपरा | मन्टु देवी | नैन्ही-८, महोत्तरी | जलेश्वर-१२, महोत्तरी | १८-०१-७३-०७४७७ | २०७३/१०/२४ | महोत्तरी | नरेश कापर | परमेश्वर कापर | /सिताराम कापर | नरेश कापर |
| २५ | पिपरा | निर्मला देवी | नैन्ही-६, महोत्तरी | जलेश्वर-१२, महोत्तरी | १४२४-०५८-५९ | २०५९/०३/२१ | महोत्तरी | शंकर राउत | सहदेव राउत | /राजदेव राउत | शंकर राउत |
| २६ | पिपरा | रीना देवी अमातनी | नैन्ही-९, महोत्तरी | जलेश्वर-१२, महोत्तरी | ६४३०११९० | २०५६/०१/१५ | महोत्तरी | उपेन्द्र राउत | महेन्द्र अमात | /पराउ राउत | मान्ती देवी |
| २७ | पिपरा | रुपम देवी | नैन्ही-६, महोत्तरी | जलेश्वर-१२, महोत्तरी | १८-०१-७१-०५९८१ | २०७१/०९/२५ | महोत्तरी | राम प्रवेश राय | भरत ठाकुर | /शिवजी राय | रामबालक ठाकुर |
| २८ | पिपरा | रिता कुमारी देवी | नैन्ही-६, महोत्तरी | जलेश्वर-१२, महोत्तरी | १८-०१-७२-०६२६५ | २०७२/१२/१८ | महोत्तरी | विजय राउत | सुरेश अमात | /शंकर राउत | विजय राउत |
| २९ | पिपरा | जगतारण देवी | एकरहिया-३, महोत्तरी | पिपरा-१, महोत्तरी | १८३०१२/१४६ | २०६३/१२/१५ | महोत्तरी | लाल महतो नुनिया | चलितर महतो | /निर्सु महतो नुनिया | जितेन्द्र महतो |
| ३० | पिपरा | ललिता देवी | पिपरा-१, महोत्तरी | पिपरा-१, महोत्तरी | १८-०१-७६-०९७२७ | २०७६/१०/०२ | महोत्तरी | मोहन महतो नुनिया | रतन महतो | /ननुवा महतो | मोहन महतो नुनिया |
| ३१ | पिपरा | मानति देवी | नैन्ही-६, महोत्तरी | जलेश्वर-१२, महोत्तरी | १८३००२५९० | २०६३/१०/३० | महोत्तरी | सुकदेव मण्डल | प्रभु मण्डल | /ढोढाइ मण्डल | सुकदेव मण्डल |
| ३२ | पिपरा | सुरेखा कुमारी | धिरापुर-८, महोत्तरी | धिरापुर-८, महोत्तरी | १८-०१-७०-०४६६६ | २०७०/०४/१८ | महोत्तरी | राज कुमार मण्डल | विलेख मण्डल | /जगन्नाथ मण्डल | हिरण देवी |
| ३३ | पिपरा | उकछी देवी | जलेश्वर-१२, महोत्तरी | जलेश्वर-१२, महोत्तरी | ६४३०३८०४ | २०६२/०६/०६ | महोत्तरी | राम ज्ञान यादव | राम चन्द्र राय | /प्रगासी यादव | उमेश यादव |
| ३४ | पिपरा | रामदुलारी देवी | मझौराविशनपुर-५, महोत्तरी | मझौराविशनपुर-१२, महोत्तरी | ५८४६३६८१ | २०५८/०६/१० | महोत्तरी | प्रवोध कुमार साह | राम पदारथ साह | /सत्यदेव साह | पुजा कुमारी |
| ३५ | पिपरा | माल्ती देवी | सुगा-५, महोत्तरी | जलेश्वर-१२, महोत्तरी | ९०५२२५६६ | २०५०/०३/२० | महोत्तरी | राम पुकार मण्डल | खुरचुन मण्डल | /कपिल मण्डल | राम पुकार मण्डल |
| ३६ | पिपरा | इनर देवी | जलेश्वर-१२, महोत्तरी | जलेश्वर-१२, महोत्तरी | १८-०१-७१-०३६३७ | २०७१/०६/१३ | महोत्तरी | नवल किशोर महतो | टेकाइ महतो | /फेकन महतो | नवल किशोर महतो |
| ३७ | पिपरा | राजवती देवी | एकरहिया-०३, महोत्तरी | एकरहिया-०३, महोत्तरी | १८१०१२/७२२ | २०६८/११/१९ | महोत्तरी | विरिन्द्र महतो | शोभा महतो नुनीया | /बौए लाल महतो | विरिन्द्र महतो |
| ३८ | पिपरा | मनतोरिया देवी | बनौली-०९, महोत्तरी | पिपरा-०७, महोत्तरी | १८३०१४/२५६ | २०६३/१०/२९ | महोत्तरी | ज्ञानु दास | बुधन दास | /बदरी दास | अजय दास |
| ३९ | पिपरा | सोनिया देवी | पिपरा-०७, महोत्तरी | पिपरा-०७, महोत्तरी | १८१ | २०४६/१०/११ | महोत्तरी | राम प्रीत दास तात्मा | मातवर दास तत्मा | /भुटाइ दास तत्मा | राम प्रीत दास तात्मा |
| ४० | पिपरा | रीता देवी | बनौली दनौली-०९, महोत्तरी | पिपरा-०७, महोत्तरी | १८-०१-७३-०६५६६ | २०७३/०९/२१ | महोत्तरी | इनदल दास तत्मा | लक्ष्मी नारायण तत्मा | /रामवृक्ष दास तत्मा | इनदल दास तत्मा |
| ४१ | पिपरा | सजना देवी दास | एकरहिया-२, महोत्तरी | बनौली-०९, महोत्तरी | १८३०१४/२८ | २०६३/१०/२७ | महोत्तरी | किशोर दास | छेदी दास तत्मा | /रामप्रीत दास तत्मा | श्री किशोर दास तत्मा |
| ४२ | पिपरा | निलम कुमारी | पिपरा-०७, महोत्तरी | पिपरा-०७, महोत्तरी | १८-०१-७७-०२५०८ | २०७७/०६/३० | महोत्तरी | इश्वर दास | चैाधरी दास | /सुकन दास तत्मा | इश्वर दास |
| ४३ | पिपरा | रिता देवी | बनौली दनौली-९,महोत्तरी | बनौली-०९, महोत्तरी | १८३०१४/१५२ | २०६३/१०/२९ | महोत्तरी | मुकेश दास | जुगेश्वर दास | /रौदी दास | सिता देवी |
| ४४ | पिपरा | फुल कुमारी देवी | बनौली दनौली-९, महोत्तरी | बनौली-०९, महोत्तरी | १८३०१४/४५ | २०६३/१०/२८ | महोत्तरी | छेदी दास | राम वृक्ष दास | /राम वृक्ष दास तत्मा | रवी दास तत्मा |
| ४५ | पिपरा | सिता कुमारी | पिपरा-०७, महोत्तरी | बनौली-०९, महोत्तरी | १८-०१-७६-०८८३८ | २०७६/०९/०३ | महोत्तरी | शिवजी दास | राम कृपाल दास तत्मा | /सोनफी दास तत्मा | शिवजी दास |
| ४६ | पिपरा | जितनी कुमारी | पिपरा-०७, महोत्तरी | बनौली-०९, महोत्तरी | १८-०१-७६-०३०५९ | २०७६/०३/११ | महोत्तरी | रंजित दास | राम प्रगास दास तत्मा | /राम विलास दास | रंजित दास |
| ४७ | पिपरा | नुर जहान खातुन | कोल्हुवा वगेया -७ महोत्तरी | बनौली-०९, महोत्तरी | १८३०१४/२८५ | २०६३/१०/२९ | महोत्तरी | मो.सुलतान | ओजीर साफी | /अजिज साफी | मो.सुलतान |
| ४८ | पिपरा | काजल झा | बनौली दनौली-५, महोत्तरी | बनौली-०९, महोत्तरी | १८-०१-७१-०४१८३ | २०७१/०७/१४ | महोत्तरी | अखिलेश झा | बच्चा कान्त झा | /प्रबोध झा | बिकी कुमार झा |
| ४९ | पिपरा | सुलेखा खातुन | बनौली दनौली-२, महोत्तरी | बनौली-०९, महोत्तरी | १८-०१-७०/०७८४५ | २०७०/०९/२६ | महोत्तरी | अल्लाउदीन साफी | चुनी साफी | /मोस्लीम साफी | अल्लाउदीन साफी |
| ५० | पिपरा | सरिता देवी | बनौली दनौली-५,महोत्तरी | बनौली-०९, महोत्तरी | १८३०१४/९ | २०७०/०१/२१ | महोत्तरी | बिजेद्र कुमार झा | जगरनाथ झा | /भरत झा मैथिल ब्राह्मण | पंकज झा |
| ५१ | पिपरा | रिता कुमारी देवी ठाकुर | बनौली दनौली-५,महोत्तरी | बनौली-०९, महोत्तरी | १८-०१-०१४/४१३ | २०६९/०८/१५ | महोत्तरी | गंगाराम ठाकुर | राम वरण ठाकुर बडही | /विन्देश्वर ठाकुर | गंगाराम ठाकुर |
| ५२ | पिपरा | इन्दु देवी | जनकपुर-४, धनुषा | जनकपुर-४, धनुषा | १७११०२/७४ | २०६४/०२/०१ | धनुषा | रंजन ठाकुर | परिक्षण ठाकुर | /बैजनाथ ठाकुर | रंजन ठाकुर |
| ५३ | पिपरा | शान्ति देवी | जलेश्वर-४, महोत्तरी | जलेश्वर-१, महोत्तरी | ३९२३८१३४ | २०५८/१२/२१ | महोत्तरी | केवल मण्डल धानुक | सत्यनारायण धानुक | /परिक्षण मण्डल धानुक | केवल मण्डल धानुक |
| ५४ | पिपरा | तेतरी देवी साहु | कुरथा-१, धनुषा | जनकपुर-२१, धनुषा | ५१६५२९२९ | २०४८/०८/०३ | धनुषा | विशेश्वर साह तेली | खटर साहु | /सीया साहु तेली | विशेश्वर साह तेली |
| ५५ | पिपरा | सिमा कुमारी ठाकुर | बनौली दनौली-८ महोत्तरी | बनौली-०९, महोत्तरी | ०७३३२४०८ | २०५१/०९/१९ | महोत्तरी | इन्द्रेश झा | श्यामनन्द ठाकुर | /नीलामबर झा | इन्द्रेश झा |

नोटः ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरूको नाम ऋणी तथा जमानीकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको हो ।

# श्रोत नखुलेको लाखौं नगदसहित एक जना पक्राउ

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

**जेष्ठ २६ गते, बर्दिवास**

महोत्तरी प्रहरीले विदेशी मुद्रा अपचलन तथा श्रोत नखुलेको नगद रकमसहित एक जनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार जलेश्वर नगरपालिका-३ मलिबारा बजारस्थित भिठ्ठामोड-जनकपुर सडकखण्डमा सवारी साधन तथा पैदल यात्रुको नियमित जाँच गर्ने क्रममा भारतबाट नेपालतर्फ साइकलमा आउँदै गरेका जलेश्वर नगरपालिका-६ बासोपट्टी टोल निवासी ५५ वर्षीय अरुण कुमार चौधरीलाई नियन्त्रणमा लिइएको हो।

प्रहरीले उनको शरीर तलासी गर्दा पाइन्टको अगाडिको भित्री खल्तीबाट गैरकानुनी रूपमा लुकाइछिपाइ राखिएको भारतीय मुद्रा एक लाख ११ हजार तीन सय ५० रुपैयाँ बरामद गरेको जनाएको छ। त्यसैगरी पाइन्टको पछाडिको दाहिने खल्तीबाट विभिन्न दरका नेपाली नोट गरी एक लाख १७ हजार छ सय ५० रुपैयाँ फेला परेको थियो।

बरामद गरिएको भारतीय मुद्रामा पाँच सय दरका २११ थान, दुई सय दरका २१ थान, एक सय दरका ६ थान र पचास दरका २१ थान नोट रहेका छन्। यस्तै नेपाली मुद्रामा एक हजार दरका १०६ थान, पाँच सय दरका १५ थान, एक सय दरका २७ थान, पचास दरका ५ थान र बीस दरका ५ थान नोट बरामद भएको प्रहरीले जनाएको छ।

नगद रकमका अतिरिक्त एक थान इटेल कम्पनीको किप्याड मोबाइल र एक थान साइकलसमेत बरामद गरिएको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरी का प्रहरी नायव उपरीक्षक पञ्चलाल गोलेले नियमित जाँचका क्रममा श्रोत नखुलेको नेपाली तथा भारतीय मुद्रा फेला परेपछि चौधरीलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान गरिएको जानकारी दिनुभयो।

उहाँका अनुसार प्रारम्भिक अनुसन्धानपछि बरामद नगद, मोबाइल तथा साइकलसहित पक्राउ परेका चौधरीलाई आवश्यक कानुनी कारबाहीका लागि राजस्व अनुसन्धान कार्यालय, पथलैया, बारामा पठाइएको छ।

घटनाका सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको नाम परिवर्तनको सूचना**
तेस्रो पटक प्रकाशित मिति : २०८२/०२/२७
यस कम्पनीको सम्पन्न विशेष साधरण सभाको निर्णय बमोजीम तथा कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत स्वीकृती प्राप्त भई साविक कम्पनी रिना पोलिक्लिनिक प्रा.लि.(प्रा.लि.न. १२७७१९) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण, धन, कर दायित्व आदि परिवर्तित नामको रिना हेल्थ केयर प्रा.लि ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सुचनाद्धारा जानकारी गराइन्छ ।

# महोत्तरीको गौशाला-औरही सडक दुर्घटनाका फरार चालक बससहित पक्राउ

खबर दर्पण समाचारदाता

**जेष्ठ २६ गते, बर्दिवास**

सवारी ज्यान मुद्दामा फरार रहेका एक चालकलाई प्रहरीले दुर्घटनामा प्रयोग भएको बससहित पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक पञ्चलाल गोलेका अनुसार वैशाख २८ गते राति करिब १०:३० बजे गौशाला नगर पालिका-३ बागवानीस्थित गौशाला-औरही सडकखण्डमा विपरीत दिशाबाट आएको बसले बीआर ३० यू ४४९९ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो।

दुर्घटनामा मोटरसाइकल चालक सुभेश कुमार यादव गम्भीर घाइते भएका थिए। उपचारका क्रममा उनको मृत्यु भएको थियो।दुर्घटनापछि बस र चालक फरार रहेकाले प्रहरीले घटनामा संलग्न सवारी साधन र चालकको खोजी थालेको थियो। अनुसन्धानका क्रममा बा ४ ख १५२६ नम्बरको बस धनुषाको मिथिला नगरपालिका-५ स्थित जय बाबा विश्वकर्मा इन्जिनियरिङ वर्कशप (ग्यारेज) परिसरमा लुकाएर राखिएको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार बस चालक महोत्तरीको भंगहा नगरपालिका-३ निवासी ३१ वर्षीय राजिव चमारलाई आफ्नै घरमा लुकीछिपी बसेको अवस्थामा जेठ २१ गते पक्राउ गरिएको हो।

प्रहरी नायब उपरीक्षक पञ्चलाल गोलेले पक्राउ परेका चालकविरुद्ध सवारी ज्यान मुद्दामा अनुसन्धान भइरहेको जानकारी दिए। उनका अनुसार महोत्तरी जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी चालकलाई इलाका प्रहरी कार्यालय गौशालाको हिरासतमा राखिएको छ।

घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# रास्वपाको मधेश प्रदेश अधिवेशन अनिश्चितकालका लागि स्थगित

खबर दर्पण समाचारदाता

**जेष्ठ २६ गते, बर्दिवास**




राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले मधेश प्रदेशको प्रथम प्रदेश अधिवेशन अनिश्चितकालका लागि स्थगित गरेको छ ।

पार्टीको केन्द्रीय अनुशासन आयोगले प्रदेश तथा जिल्ला तहमा देखिएको संगठनात्मक विवाद र अधिवेशन प्रक्रिया पूरा हुन नसकेपछि अधिवेशन रोक्ने निर्णय गरेको हो ।

यसअघि जेठ २८ गतेका लागि तय गरिएको मधेश प्रदेश अधिवेशन स्थगित गरिएको जानकारी आयोगले मंगलबार सार्वजनिक गरेको सूचनामार्फत दिएको छ ।

आयोगका प्रमुख भुवन केसी द्वारा जारी विज्ञप्तिअनुसार अधिवेशनसँग सम्बन्धित प्रतिनिधि छनोट, निर्वाचन कार्यक्रम, उम्मेदवारी दर्ता, प्रचारप्रसार, बैठक तथा भेला लगायत सम्पूर्ण गतिविधि अर्को निर्णय नभएसम्मका लागि रोकिएको छ ।

पार्टीले जेठ २३ र २४ गते जिल्ला अधिवेशन सम्पन्न गर्ने कार्यतालिका बनाएको भए पनि अधिकांश जिल्लामा नेतृत्व चयनको चरणमा विवाद उत्पन्न भएपछि नयाँ समिति गठन हुन सकेको छैन ।

मधेश प्रदेशका आठ जिल्लामध्ये हालसम्म पर्सामा मात्र जिल्ला अधिवेशन सम्पन्न भएको जनाइएको छ ।

यसैबीच, धनुषा जिल्ला अधिवेशनका लागि मंगलबार जनकपुरधामस्थित महेन्द्रनारायण निधि मिथिला सांस्कृतिक भवनमा बोलाइएको कार्यक्रम पनि अन्तिम समयमा स्थगित भएको छ ।

अधिवेशनमा सहभागी हुन पुगेका कार्यकर्ताहरू अनुशासन आयोगको परिपत्रपछि घर फर्किएका छन् ।

रास्वपाले देशव्यापी रूपमा प्रदेश अधिवेशन सञ्चालन गरिरहेको छ ।

पार्टीको पहिलो प्रदेश अधिवेशन बागमती प्रदेशबाट सुरु भएको छ भने कोशी प्रदेशको अधिवेशन जेठ २७, गण्डकीको २९, लुम्बिनीको ३०, कर्णालीको ३१ जेठ तथा सुदूरपश्चिम प्रदेशको अधिवेशन असार १ गतेका लागि तय गरिएको छ । तर, मधेश प्रदेशको नयाँ मिति भने अझै सार्वजनिक गरिएको छैन ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल
➤ २४ सैं घण्टा इमर्जेन्सी सेवा
➤ ICU, NICU, PICU सेवा
➤ X-Ray, USG, CT Scan सेवा
➤ Endoscopy/Diode Laser सेवा
➤ Laproscopy सेवा
➤ क्याबिनको समेत व्यवस्था भएको
➤ विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
➤ 24/7 Ambulance सेवा
SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,